

**के तपाईंको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

**सम्पर्कः प्रगति ट्रेड कन्सर्न**

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

**सम्पर्कः**

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ ११ गते बुधबार ❑ 25 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीको मन्त्रिपरिषदले पायो पूर्णता

**पोखरापत्र संवाददाता**

**पोखरा, १० माघ**

गण्डकी प्रदेशको मन्त्रिपरिषदले १६ दिनपछि मात्र पूर्णता पाएको छ । गत पुष २५ गते गण्डकी प्रदेशमा तेश्रो मुख्यमन्त्रीमा नियुक्त भएका खगराज अधिकारीको नेतृत्वको सरकारले १६ दिन पछि पूर्णता पाएको हो ।

मुख्यमन्त्री अधिकारीको नेतृत्वमा सोमबार ५ मन्त्रालय घटाएर मन्त्रिपरिषद टुंगाउने तयारी गरे पनि दलहरुलाई मन्त्रालय बाँडफाडमा टुंगो लगाउन नसके पछि उनी काठमाडौं पुगेर एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर मंगलबार पोखरा फर्किएसंगै साँझ मन्त्रिमण्डल विस्तार गरेका हुन् । उनले १२ मन्त्रालयबाट घटाएर ७ मन्त्रालयमा झारेका हुन् । गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्रीमा तनहुँका हरि



बहादुर चुमान नियुक्त भएका छन ।

त्यसैगरी अन्य मन्त्रीहरुमा आर्थिक मामिला मन्त्रीमा स्याङजाकी सीता कुमारी सुन्दास, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रीमा स्याङजाका पन्चराम गुरुङ, आन्तरिक मामिला तथा कानून मन्त्रीमा नवलपुरका रोशन बहादुर गाहा, कृषि, उर्जा तथा जलश्रोत मन्त्रीमा कास्कीका वेद बहादुर गुरुङ र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीमा म्याग्दीका रेशम बहादुर जुग्जाली नियुक्त भएका हुन् । मंगलबार मन्त्रीहरु नियुक्ति भएसंगै गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए ।

मुख्यमन्त्री मन्त्री सहित एमालेका ४ मन्त्री नियुक्त हुदाँ माओबादी केन्द्रका २ मन्त्री र राप्रपाका एक मन्त्री नियुक्त भएका हुन् । एमालेका तर्फबाट आर्थिक मामिलामा सुन्दास, आन्तरिक मामिला तथा कानून मन्त्रीमा गाहा, उर्जा तथा जलश्रोत मन्त्रीमा गुरुङ नियुक्त भएका हुन् । त्यसैगरी पूर्व मन्त्री समेत भएका माओबादीका चुमान भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्रालयको जिम्मा पाए भने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी जुग्जालीले पाएका हुन् । राप्रपाका गुरुङ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रीमा नियुक्त भएका हुन् ।

रोशन गाहामगर नवलपुरका १ (२) बाट दोस्रो पटक निर्वाचित भएकमा हुन् भने कास्की-१ (२) बाट निर्वाचित वेदबहादुर गुरुङ यसअघि मादी गाउँपालिका अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । माओवादी संसदीय दलका नेता तनहुँ १ (ख) बाट निर्वाचित आन्तरिक मामिला तथा कानून पूर्व मन्त्री हरिबहादुर चुमान, स्याङजा १ (ख) बाट निर्वाचित एमालेकी नेतृ जिल्ला समन्वयकी प्रमुख समेत भएकी सिता सुन्दास र राप्रपाका समानुपातिक सांसद स्याङजाका पञ्चराम गुरुङ रहेका छन् ।

## पाइलटलाई अभद्र व्यवहार गरेको आरोपमा छजना पक्राउ

**पोखरापत्र संवाददाता**

**वालिङ, १० माघ**

प्रभु हेलिकप्टरका पाइलटलाई अभद्र व्यवहार गरेको आरोपमा छ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बिहीबार स्याङ्जाको वालिङ नगरपालिका-८ मा फुटबल खेल जारी रहेको खेलमैदानमा हेलिकप्टर अवतरण गरेका प्रभु हेलिकप्टरका पाइलट क्याप्टेन रनेश डङ्गोललाई अभद्र व्यवहार गरेको आरोपमा उनीहरुलाई वडा प्रहरी कार्यालयले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता पदमराज थापाले जानकारी दिनुभयो । पक्राउ पर्नेमा हेलिकप्टर चढेर पोखरादेखि वालिङ आएका चार यात्रु तथा खेल भइरहेको स्थानमा हेलिकप्टर अवतरण गरेपछि अभद्र व्यवहार गर्ने दुई जना रहेका छन् । उनीहरुमाथि अभद्र व्यवहार गरेको आरोपमा मुद्दा दर्ता गरिएको छ ।

हेलिकप्टरमा आएका यात्रुमा वालिङका विनोद गैरे, उज्ज्वल थापा, सुशील गिरी र खीमबहादुर राना छन् । उनीहरुले पाइलट डङ्गोललाई जबरजस्ती खेल भइरहेको मैदानमा हेलिकप्टर अवतरण गर्न लगाएको प्रहरी प्रवक्ता थापाले बताउनुभयो ।

हेलिकप्टर अवतरण गरेपश्चात पाइलटमाथि वालिङका यामबहादुर गुरुङ र सुरेश श्रेष्ठले अभद्र व्यवहार गरेको प्रहरीले जनाएको छ । स्थानीय प्रशासन तथा खेल आयोजक क्लबलाई पूर्वसूचना नदिइकन खेल भइरहेको स्थानमा हेलिकप्टर अवतरण गरिएको थियो ।

## टि-२० क्रिकेट लिगमा स्पट फिक्सिङमा खेलाडीसहित १० जना संलग्न

**रासस**

**काठमाडौं, १० माघ**

गत पुसमा राजधानीमा भएको टि-२० क्रिकेट लिगको स्पट फिक्सिङमा खेलाडीसहित १० जना संलग्न रहेको खुलेको छ । उक्त फिक्सिङमा व्यवस्थापकीय भूमिकामा रहेका, खेलाडीको सम्पर्कमा आएका र खेलमा सहभागी खेलाडी संलग्न रहेका पाइएको छ ।

एक खेलाडीसहित नेपाली चार र विदेशी ६ जना संलग्न रहेका प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरो (सिआइवी) का प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जानकारी दिनुभयो । विदेशीमा व्यवस्थापकीय भूमिकामा रहेका चार, एक खेलाडी तथा अन्य एक व्यक्ति छन् । सिआइवीका अनुसार ती मध्ये दुई जनालाई सोमबार पक्राउ गरी अनुसन्धान थालिएको छ। अन्यको खोजी जारी छ। पक्राउ परेकामा सप्तरीको राजविराजका पूर्व क्रिकेट खेलाडी महबुब आलम र बाराको सिम्रौनगढका क्रिकेट खेलाडी मोहमद आदिल अन्सारी छन् । आदिललाई सप्तरीबाट र महबुबलाई विराटनगरबाट पक्राउ गरी काठमाडौं ल्याइएको छ। गत पुस ९ देखि २७ गतेसम्म कीर्तिपुरस्थित क्रिकेट मैदानमा उक्त प्रतियोगिता भएको थियो । नेपाल क्रिकेट संघ (क्यान) को आयोजना तथा भारतको सेभेन थ्री स्पोर्टस् प्रालिको रणनीतिक तथा व्यवसायीक साझेदारीमा उक्त प्रतियोगिता आयोजना गरिएको हो। मुख्यतः लिगको प्रतिस्पर्धामा आउने परिणामलाई प्रतिकूल हुने गरी बाजी जिताउने वा हराउने उद्देश्यले खेलको मिलेमतो गरेको पाइएकाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गतको कसुरमा सिआइवीले अनुसन्धान गरिरहेको छ । पक्राउ परेका दुवैलाई पाँच दिनको म्याद थप गरी आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको आचार्यले जानकारी दिनुभयो । सिआइवीले मंगलबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्व राष्ट्रिय खेलाडी महबुबले दुई नेपाली खेलाडीलाई प्रलोभन देखाई स्पट फिक्सिङको प्रयास गरेको जानकारी दिइयो । आदिललाई एउटा 'नो बल' र एउटा 'वाइड बल' खेल्न भनिएको र उनले दुई खेलमा सोही प्रकृतिको खेल खेलेको पुष्टि भएको सिआइवीका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले जानकारी दिनुभयो। अर्का नेपाली खेलाडीलाई त्यसैगरी स्पट फिक्सिङ गर्न लगाएको उहाँले बताउनुभयो । उनीहरु पक्राउ नपरेकाले बाँकी आठ जनाको नाम खुलाइएको छैन। एक विदेशी खेलाडीलाई खेलको व्यवस्थापन समुहबाटै लोभ देखाएर फिक्सिङको प्रस्ताव गरेको भेटिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।'एउटा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## स्वास्थ्य बीमा पहिलो प्राथमिकतामा छ : स्वास्थ्य मन्त्री गिरी

**पोखरापत्र संवाददाता**

**पोखरा, १० माघ**

स्वास्थ्य तथा जनसंख्या मन्त्री पदम गिरीले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउनुपर्ने भएकाले त्यसलाई आफूले पहिलो प्राथमिकतामा राखेको बताउनुभएको छ ।

गण्डकी प्रदेशको राजधानी पोखरामा रहेको स्वास्थ्य विज्ञान प्रतिष्ठानको मंगलबार निरीक्षण गर्दै उहाँले समाजका गरिब र विपन्न वर्गलाई स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने लक्ष्यका साथ सञ्चालन गरिएको स्वास्थ्य बीमालाई पहिलो प्राथमिकतामा राख्न आफूले निर्देशन दिएको जानकारी दिनुभयो । अस्पतालको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनु वर्तमान सरकारको लक्ष्य रहेको उल्लेख गर्दै मन्त्री गिरीले अस्पतालमा सेवा विस्तार र भौतिक संरचना निर्माणमा जोड दिने विश्वास व्यक्त गर्नुभयो । नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउनु नैसर्गिक अधिकार भएको बताउँदै उहाँले त्यसका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । मन्त्री गिरीले अस्पतालका विभिन्न विभागको स्थलगत निरीक्षणका क्रममा उपचाररत बिरामी र उनीहरूका आफन्तसँग अस्पतालको सेवा सुविधा र उपचारका बारेमा जानकारी लिनुभएको थियो। पोखरा विज्ञान प्रतिष्ठानका उपकुलपति डा डुकबहादुर क्षेत्रीले अस्पतालको गतिविधिबारेमा जानकारी गराउनुभएको थियो ।

## मुलुक अप्ठ्यारो अवस्थामा छ, राष्ट्रिय सहमति गरौँ : वरिष्ठ नेता पौडेल

**रासस**

**काठमाडौं, १० माघ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले मुलुकमा व्याप्त समस्या समाधान गरेर अघि बढ्न दलहरूबीच सहमति, सहकार्य र राष्ट्रिय एकताको खाँचो रहेको बताउनुभएको छ ।

प्रतिधिसभाको आजको बैठकमा नवनिर्वाचित सभामुख र उपसभामुखलाई बधाई एवं शुभकामना दिनुहुँदै उहाँले मुलुकलाई अप्ठ्यारो परेको अवस्थामा सबै दल एक हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

मुलुकको कमसल आर्थिक अवस्था, भूराजनीतिक दबाब, सुशासनको कमजोर अवस्थालाई सुधार तथा शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न दलहरूबीच गहिरो एकताको खाँचो रहेको बताउनुभयो । "राष्ट्रिय सहमति गरौँ, सबैले मिलेर राष्ट्र निर्माण गरौँ, देशलाई एकताबद्ध बनाउन सबै एक ठाउँमा जुटौँ", उहाँले भन्नुभयो, "नेपालको आकाशबाट निरासाको कालो बादल हटाउन राष्ट्रिय सहमतिको वातावरण बनाऔँ ।" आफू पहिलेदेखि नै राष्ट्रिय सहमतिको पक्षमा रहेको जनाउँदै उहाँले देशलाई अप्ठयारो परेको अवस्थामा सबै राजनीतिक दल एक हुनुपर्ने बताउनुभयो । "देशमा सुशासनको आवश्यकता छ । अहिले कुशासन व्याप्त छ । हामीले शासनप्रणाली विकेन्द्रित गर्‍यौं, तर भ्रष्टाचार तलसम्म गएको छ", नेता पौडेलले भन्नुभयो, "एउटा दलको आड लागेर भ्रष्टाचारी जोगिने अवस्था छ । त्यसलाई निरुत्साहित गर्न सबै दल एक ठाउँमा उभिनु जरुरी छ । सुशासनका लीग एकताका आवश्यकता छ ।" मुलुकको विकासका लीग आर्थिक स्रोतका कमी हुँदै गएको जनाउँदै उहाँले अनुदान दिने प्रवृत्ति पनि कम हुँदै जाँदा मुलुकको विकास निर्माण प्रभावित हुन सक्ने खतरा रहेको औल्याउनुभयो । "अर्थतन्त्र धान्न नसक्ने अवस्थातर्फ जाने देखिँदै छ । सामाजिक सुरक्षाको खर्च बढिरहेको छ । यो खर्च कसरी उठाउने ?", उहाँले भन्नुभयो, "निर्मम शैली अपनाएर खर्च कटौती गर्नु जरुरी छ ।"

विप्रेषण (रेमिट्यान्स)को भरमा मात्र मुलुक चल्न नसक्ने उल्लेख गर्दै उहाँले विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा खर्च गर्ने वावावरण बनाउन आग्रह गर्नुभयो । "रेमिमट्यान्सले कति दिन धान्छ ? रेमिटयान्स आउँछ उत्पादन क्षेत्रमा खर्च भइरहेको छैन । अनुत्पादन क्षेत्रमा खर्च भइरहेको त्यसलाई उत्पादन क्षेत्रमा मोड्ने कसरी ?", नेता पौडेलले भन्नुभयो, "त्यसका लागि सबै दलहरू एक हुनुपर्ने आवश्यकता छ ।" प्राप्त राजनीतिक उपलब्धिलाई चुनौती दिने तत्व अझै जुर्मुराइरहेको जनाउँदै उहाँले संविधान ल्याउन लागेको दलहरू प्राप्त उपलब्धि जोगाउन एक ठाउँमा हुने की नहुने ? भन्ने प्रश्न आमरूपमा उठेको बताउनुभयो । "कांग्रेस र कम्युनिष्ट मिलेर नेपालमा प्रजातन्त्र र लोकतन्त्र आएको हो, अब त्यसलाई रक्षा गर्न कांग्रेस र कम्युनिष्ट एक ठाउँमा हुने की नहुने ?"उहाँले भन्नुभयो । दलहरूको विभाजित मानसिकताबाट लोकतन्त्र जकडिएको जनाउँदै उहाँले लोकतन्त्रलाई जोगाएर अगाडि लैजान सहमतिको आवश्यकता रहेको बताउनुभयो । "सामाजिक, सांस्कृति मूल्यको स्खलन डरलाग्दो छ । यसबाट मुक्त हुन एक हुने कि नहुने", उहाँले भन्नुभयो, "निरासाका घन्टीहरू बढिरहेका छन्, नकारात्मक प्रवृत्ति आइरहका छन्, ती असन्तुष्टिलाई सम्बोधन गर्ने दायित्व हाम्रो हो कि होइन ?" पछिल्ला समय मुलुकमा राजनीतिक नेतृत्वको अभाव र राष्ट्रिय आत्मविश्वासको अभाव हुँदै गएको महसुस हुन थालेको उहाँको भनाइ छ । "सत्ताको राजनीतिको दबदबा, निष्ठाको राजनीतिक किनारा लाग्दै गएको छ। निष्ठाको राजनीतिलाई जोगराउन एकताको खोजी गर्नुपर्नेछ", नेता पौडेलले भन्नुभयो, "नेतृत्वले विश्वास गुमाएको अवस्था हो । त्यसलाई महसुस गरौँ ।" सकारात्मक सोच, सहमति ,सहकार्यको सोचबाट मात्रै राष्ट्रिय नेतृत्व प्राप्त हुन सक्ने उहाँको विश्वास छ ।

विधिको शासन नै लोकतन्त्र भएको जनाउँदै उहाँले विधिको सशासनलाई सबैले मान्नुपर्ने बताउनुभयो। "सभामुखले पूर्वाग्रही विचार राख्नु हुँदैन, यसबाट जोगिएर काम गर्नुहोला । सभामुखले निष्पक्षरूपमा काम गर्दा संसदमा आरोपप्रत्यारोप हुनसक्छ, त्यसतर्फ सचेत हुनुपर्छ", उहाँले भन्नुभयो ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# एघारौं पोखरा महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० माघ



पुषको २७ देखि पोखराको अमरसिंह चौरमा सञ्चालन भएको पोखरा महोत्सव सम्पन्न भएको छ । १४ दिनसम्म सञ्चालन भएको पोखरा महोत्सवको समापन गर्दै कास्की क्षेत्र नम्बर १ का सांसद माननीय मन बहादुर गुरुङले युनाइटेड क्लब पोखराले सामाजिक कामका लागीनै महोत्सवको आयोजना गरेर अगाडि वढिरहदा अन्य संघ संस्थाहरुले पनि यस्ता कामलाई अनुसरण गर्नुपर्नेमा जोड दिए ।

महोत्सवको आयोजना गरी गण्डकी प्रदेशमा नया पर्यटकीय गन्तब्य चिडियाखाना निर्माण संगै शिक्षा, स्वास्थ्य, खेलकुद र सेती नदीलाई सहसिक पर्यटकीय गन्तब्य बनाउनतर्फ लागिरहेको र त्यसमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत ब्यक्त गरे । त्यस्तै गण्डकी प्रदेश सभा सदस्य बेद वहादुर गुरुङले युनाइटेड क्लव आफ्नो उद्देश्यमा अगाडि वढ्दै उद्देश्यलाई पुरा गर्नतर्फ लागिरहेको र त्यसमा आफ्नो संधै साथ र सहयोग रहने वताए । महोत्सवका मुख्य प्रायोजक बेटर होम एपलायन्सेसका सञ्चालक बिनोद रौनियारले महोत्सवको आयोजना गरी विशुद्ध सामाजिक काममा अगाडि वढिरहेको युनाइटेड क्लब संग आफ्नो संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्ने गरी सहकार्य गर्न पाउदा निकै खुसी लागेको वताए। आर एस सी ट्रेडिङ प्रालिको बेटर होम एपलायन्सेस घरायसी सामाग्री उत्पादन संगै बिक्री गर्ने कम्पनी रहेको वताउदै रौनियारले बेटर ब्राण्डबाट घरमा प्रयोग हुने राइसकुकर, प्रेसर कुकर, ग्यास चुलो, मिक्सचर ग्रयाण्डर, ग्यास गिजर, इलेक्ट्रिक गिजर, पंखा, हिटरका साथै विभिन्न इलेक्ट्रोनिक्स आइटमहरु उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेको वताए । नेपालमै उत्पादन भएको आफुहरुको ब्राण्ड ग्राहकहरुको रोजाइमा पर्न सफल भएको वताउदै रौनियारले पोखराको आफ्नै स्थानिय कम्पनी भएको कारणले गर्दापनि पोखरेली जनताको साथ र सहयोग सधैंझै उच्च स्तरमा रहने आशा समेत ब्यक्त गरे ।

ब्यवशायीक संस्थालाई सामाजिक काम गर्ने संस्था युनाइटेड क्लब पोखरा संग सहकार्य गर्न पाउदा निकै खुसी लागेको र आगामी दिनमा पनि यस्ता सामाजिक काममा आफ्नो कम्पनीको साथ र सहयोग हुने समेत प्रतिवद्धता ब्यक्त गरे ।

जिल्ला डिभिजन बन कार्यालय कास्कीका प्रमुख केदार बरालले एउटा क्लबले गरेको सामाजिक काम चानेचुने कुरा नभएको वताउदै पोखरामा सामुदायिक स्तरको चिडियाखाना निर्माणमा काम गर्ने संस्था युनाइटेड क्लव चिडियाखानाको मातृ संस्था रहेको वताए । बन जैबिक विविधता मात्र नभएर शिक्षा, स्वास्थ्य, खेलकुद र सेती नदी संरक्षणमा समेत काम गर्दै आइरहेको युनाइटेड क्लबको हरेक गतिबिधीमा आफ्नो साथ र सहयोग रहने उनको भनाइ रहेको थियो । अमरसिंह माबिका प्रध्यानाधयापक तेजश्वी बरालले युनाइटेड क्लवले हाल सम्म लिएको उद्देश्यलाई प्राप्त गर्न सफल भएको र एघारौं पोखरा महोत्सव देखी पोखरा लेखनाथको अर्चलेमा गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गरी निर्माण हुने छात्राबास निर्माणको उद्देश्य समेत पुरा हुनेमा आफु विश्वस्त रहेको वताए । अमरसिंह मावि हाल सम्म सवैको मनमा बस्न सफल विद्यालय बनेको वताउदै विद्यालयको उन्नती र प्रगतीको लागि सवैको साथ र सहयोगको समेत अपेक्षा रहेको उनको भनाइ रहेको थियो ।

महोत्सव अवधिभर करिब २ लाख ५० हजार दर्शकले अवलोकन गरेभने लगभग १० करोडको कारोबार भएको महोत्सवका अर्थ ब्यवस्थापन समितिका संयोजक सूर्य बहादुर बानियाले जानकारी दिए। महोत्सव स्थलबाट पोखराको लेखनाथ स्थित पचभैयामा निर्माणाधिन अवस्थामा रहेको चिडियाखाना अवलोकनका लागि लगभग ८ सयजनाले महोत्सव स्थलबाट निशुल्क बसबाट सेवा लिएको आयोजकले जनाएको छ । त्यसैगरी महोत्सव स्थलमा करिब ५ सय जनाले घोडसवारको मजा लिएका थिएभने करिब १५ सय वालवालिकाले भिआर नाइनडीको मज्जा लिएका थिए ।

महोत्सवमा ख्याति प्राप्त लोकदोहोरी गायक संगै अन्तराष्ट्रिय ब्याण्डहरुको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए । महोत्सवको अन्तिम दिन चोलेन्द्र पौडेल, जीवन दाहाल, तारापति सुवेदी, शंकरविरही गुरुङ, शिवहरी ढुंगाना, तुलसा जिसी, दुर्गा क्षेत्री, कमला सुनार लगायतले लोक दोहोरी मार्फत दर्शकहरुलाई भरपुर मनोरन्जन प्रदान गरेका थिएभने सांझको कन्सर्ट तर्फ चर्चित र्‍यापर एएनटीएफ बाट चर्चित भएका र्‍यापर माइलाको प्रस्तुतीमा पोखरेली युवाहरुले भरपुर मनोरन्जन लिएको महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

# सुन्दरी बजार टोल बिकासमा नयाँ नेतृत्व

पोखरापत्र संवाददाता
पोखरा, १० माघ



सुन्दरी बजार टोल बिकास संस्थाको शनिबार सम्पन्न तेश्रो वार्षिक साधारण सभा एवं प्रथम अधिवेशनले रमेश जि.सीको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ ।

समितिको उपाध्यक्षमा ऋषिराम बास्तोला, सचिवमा पुष्पराज धिताल र कोषाध्यक्षमा रविलाल आचार्य चयन भएका छन् । समितिको सदस्यमा सन्तोष पौडेल, नारायण कुमार श्रेष्ठ, इन्द्रबहादुर पुन, शर्मिला गुरुङ्ग, मिना कुमारी बि.क रहेका छन् । यसैगरी लेखा समितिको संयोजकमा लिलाबहादुर जि.सी र सदस्यमा भगवती अर्याल, चित्रादेवी अधिकारी सापकोटा रहेका छन् । यसैगरी भेलाले ऋण उपसमितिका संयोजकमा कर्णबहादुर जि.सी र सदस्यमा बुद्धिजंग कार्की र मित्र जंग जि.सी रहेका छन् । यस अघि साधारण सभाको उद्घाटन गर्दै पूर्व न्यायाधिस बासुदेव न्यौपानेले टोलको विकास लागि टोल विकास संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । उनले टोल विकासले सहकार्य र सद्भावको विकास पनि गर्ने उल्लेख गरे । टोल विकास संस्थाका अध्यक्ष सुर्यवहादुर चन्दको अध्यक्षतमा भएको साधारण सभा एंव अधिवेशनमा लेखनाथ सहकारी संस्थाका अध्यक्ष हरि बहादुर जि.सी, राजेन्द्र जि.सी लगायतले बोलेका थिए ।

## टि-२० क्रिकेट...

टोलीका व्यवस्थापकको निर्देशनमा विदेशी खेलाडीले एक इनिङ (पारी) मा निर्धारित रन मात्रै बनाइ स्पट फिक्सिङ गरेको पाइएको छ । केही फ्रेन्चाइज टोलीको आर्थिक र खेलाडीको पारिश्रमिकको श्रोत पनि खुलेको छैन', उहाँले भन्नुभयो । उक्त घटनाको अनुसन्धानका लागि सिआइवीका प्रहरी नायब उपरीक्षकको नेतृत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरिएको थियो ।

समितिको अनुसन्धानपछि आज विवरण सार्वजनिक गरिएको हो । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गत यसरी मिलेमतो गरेको पाइएमा तीन वर्ष कैद र रु ५० हजार जरिवाना गरी सो कसुर गर्दा कुनै रकम लेनदेन गरेको भए उक्त रकम पनि जफत हुने व्यवस्था छ ।

# टाइगर कप भलिबलमा विभागिय टोलीहरुको वर्चश्व

पोखरापत्र संवाददाता
पोखरा, १० माघ



'तेश्रो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लव च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०७९' को तेश्रो दिन विभागिय टोलीको बर्चश्व जारी रहेको छ ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा खेलको तेश्रो दिन मंगलबार सम्पन्न खेलहरुमा विभागिय टोलीहरुको बर्चश्व जारी रहेको छ । तेश्रो दिन जारी खेलमा महिलातर्फको दुवै खेलमा विभागिय टोलीको बर्चश्व रह्यो । एपिएफले होङवान्जी न्यू डायमण्डलाई ३-० को सोझो सेटमा पराजित गर्दा दोश्रो खेलमा घरेलु टोली गण्डकी त्रिभुवन आर्मी संग सोझो ३-० ले पराजित हुन पुग्यो । पहिलो खेलमा एपिएफले न्यू डायमण्ड विरुद्ध २५-१५, २५-२० र २५-७ ले जित्यो । उक्त खेलमा एपिएफकी प्लेयर अफ दि म्याच एपिएफकी सरस्वती चौधरी घोषित हुँदा वेष्ट स्पाइकरमा निरुता ठगुन्ना घोषित भइन ।

दोश्रो खेलमा नेपाल आर्मीले गण्डकीलाई २५-१०, २५-१६ र २५-१६ ले पाखा लगायो । उक्त खेलमा आर्मीकी सोफिया पुन प्लेयर अफ दि म्याच हुँदा वेष्ट स्पाइकरमा सुनिता खड्का भइन । महिलातर्फ नेपाल आर्मीको त्रिभुवन क्लव र एपिएफ क्लवले २-२ खेलबाट समान ६-६ अंङ्क बटुलेको छ भने न्यू डायमण्ड र गण्डकीले कुनै खेल जित्न सकेका छैनन् । यता आजनै पुरुष तर्फको खेलमा नेपाल पुलिसले सेन्ट जोशेफ वाज स्पोर्टस क्लब श्रीलंकालाई ३-२ को सेटमा पराजित गरेको छ । खेलमा नेपाल पुलिसले पहिलो दुई सेट श्रीलंकालाई सुम्पिए पनि पछिल्ला तिनसेटमा खेलमा फर्किदै महत्वपूर्ण ३ अंक बटुलेको छ । पहिलो र दोश्रो सेट १९-२५ र २३-२५ ले श्रींलकाको पाहुना टोलीलाई सुम्पिएको पुलिसले पछिल्ला तिन २५-२३, २५-१९ र २५-१३ ले आफ्नो पक्षमा पार्न सफल भयो ।

त्यस्तै अर्को एक खेलमा आयोजक गण्डकी शसस्त्र प्रहरी संग हार व्यहोरेको छ । खेलमा पहिलो सेट २५-१९ ले आफ्नो पक्षमा पारेको एपिएफले २५-२३ ले दोश्रो सेट जित्दै गण्डकीलाई दबावमा राखे पनि तेश्रो सेट २५-२० ले गण्डकीले आफ्नो पक्षमा पारेको थियो । त्यस्तै चौथो सेटमा २५-१९ ले एपिएफले खेल जित्यो । खेलमा एपिएफका विजय थापा प्लेयर अफ दि म्याच र वेष्ट स्पाइकर टेकराज अवस्थी घोषित भए । प्रतियोगितामा महिलालतर्फ नेपाली सेनाको त्रिभुवन आर्मी क्लव, गण्डकी प्रदेश, शसस्त्र प्रहरीवलको एपिएफ क्लव, र होङ्गवान्जी न्यू डायमण्ड स्पोर्टस क्लब रहेका छन् । यसै गरी पुरुषतर्फ नेपाल आर्मीको त्रिभुवन आर्मी, सेन्ट जोशेफ वाज स्पोर्टस् क्लब श्रीलंका, नेपाल प्रहरीको नेपाल पुलिस क्लब, शसस्त्र प्रहरीवलको एपिएफ क्लव, गण्डकी प्रदेशको टिमको सहभागिता रहने छ । गत वर्ष सम्पन्न दोश्रो संस्करणमा महिलातर्फ एपिएफ क्लबले उपाधि हात पारेको थियो भने पुरुषतर्फ गत सस्करणको उपाधि विजेता नेपाल आर्मी रहेको थियो । आयोजकले गत वर्षको तुलनामा पुरस्कार राशी दोब्बर बनाएको छ । महिला-पुरुष दुवैतर्फ उपाधी विजेता टिमहरुलाई रु ५-५ लाख रुपैया नगद, उपविजेता टिमलाई समान नगद रु २ लाख ५० हजार, तेश्रो हुने टिमलाई नगद रु १ लाख २५ हजार र सान्त्वना हुने टिमलाई नगद रु ६५ हजार सहित ट्रफी र प्रमाण पत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा हरेक दिनको खेलमा उत्कृष्ट खेलाडीलाई नगद ५ हजार र ३ हजार बराबरको स्वास्थ्य परिक्षण कुपन भौचर प्राप्त गर्ने छन् । त्यस्तै महिला तथा पुरुषतर्फ उत्कृष्ट एक-एक खेलाडीले जनही समान नगद रु २५-२५ हजार प्राप्त गर्नेछन् भने हरेक विद्याका उत्कृष्ट खेलाडीहरु प्रशिक्षकलाई नगद समान नगद १०-१० हजार र ट्रफी सहित सम्मान गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिता सम्पन्न गर्न करिब ८० लाख रुपैया खर्च हुने आयोजकले जनाएको छ । प्रतियोगिता सफल बनाउन आयोजक सस्था टाइगुर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण शर्माको नेतृत्वमा १ सय १ सदस्यीय मूल आयोजक समिति र उपाध्यक्ष देवेन्द्र केसीको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ ।

# कपाल रोप्ने प्रविधि पोखरा आरोग्यममा सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

आरोग्यम हेयर केयर सेन्टर ले कपाल गएको ठाँउमा नयाँ कपाल रोप्ने कार्यको सुरु गरेको छ ।

काठमाडौबाट डा. कमलराज धिताल सहितको विज्ञ टोलीले मंगलबारबाट पोखरा इन्द्रचोक आरोग्यमबाट सेवा शुरु गरेको हो । यो सेवा काठमाडौमा विगत ३ बर्षदेखि निरन्तर चलिरहेको र पोखरामा पनि विस्तार गरिएको प्रबन्ध निर्देशक डा. विण्णु चापागाइले जानकारी दिएका छन ।

यो सेवा काठमाडौमा भन्दा सुलभमा गरिने र पोखराका कपालका पारखी तथा कपालका समस्या भएका गण्डकी क्षेत्रका व्याक्तिहरुमा पोखराबाट नै सेवा दिने उद्देश्यका साथ अगाडि बढेको चापागाइले बताएका छन । अब कपालका कुनैपनि समस्या तथा उपचार र रोप्नको लागि काठमाडौं जान नपर्ने गरि व्यवस्था गरिएको छ ।

कपाल रोप्ने प्रविधि अत्यन्त भरपर्दो र सफल भएकोले ढुक्क भएर कपालको उपचार गर्न तथा व्याक्तिगत सुन्दरता लाइ जोगाइ राख्न सकिने चापागाईले अनुरोध पनि गरेका छन । प्रविधि भरपर्दो तथा सर्बसाधरणले पनि गर्न सक्ने गरि सस्तो सुलभ रहेको उनले बताए ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# इन्द्र राज्यलक्ष्मी कुलपति रनिङ सिल्ड प्रतियोगिताको सेमिफाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

इन्द्र राज्यलक्ष्मी माध्यमिक विद्यालय गण्डकी विश्वविद्यालयको आयोजनामा गरेको कुलपति रनिङ सिल्ड फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।



पोखरा रंगशालामा मंगलबार भएको क्वाटरफाइनल खेलमा छोरेपाटन माध्यमिक विद्यालयलाई ३-० ले पराजित गर्दै राज्यलक्ष्मी सेमिफाइनलमा प्रवेश गरेको हो । राज्यलक्ष्मीको जितमा दिनेश घर्तिमगरले २ र कमल घर्तिमगरले १ गोल गरे । दिनेशले खेलको १२औं मिनेटमा गोल गर्दै टिमलाई पहिलो अग्रता दिलाएका थिए । त्यसको २ मिनेटमै दिनेशले दोस्रो गोल गर्दै अग्रता दोब्बर बनाए । त्यसपछि पहिलो हाफमा दुवै टिमबाट थप गोल हुन सकेन।

खेलको दोस्रो हाफ ३९औं मिनेटमा राज्यलक्ष्मीका कमल घर्तिमगरले गोल गर्दै टिमलाई तेब्बर अग्रता दिलाए। त्यसपछि दुवै टिमबाट गोल हुन सकेन र राज्यलक्ष्मी ३-० ले विजयी हुँदै सेमिफाइनलमा प्रवेश गर्न सफल भयो। सहिद स्मृति आवसिय माध्यमिक विद्यालय, भद्रकाली माध्यमिक विद्यालय र कालिका माध्यमिक विद्यालय प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेका छन् । सहिद स्मृति आवसिय माध्यमिक विद्यालयले विन्ध्यवासिनी माध्यमिक विद्यालयलाई १-० क्वाटरफाइनलमा प्रवेश गरेको हो । सहिद स्मृतिका राजेश विकले खेलको ४९ औं मिनेटमा गोल गर्दै टिमलाई जित दिलाए।

पोखरा आदर्श माध्यमिक विद्यालयलाई २-० ले पराजित गर्दै भद्रकाली माध्यमिक विद्यालय क्वाटरफाइनलमा प्रवेश गरेको हो । भद्रकालीका दीपेश गुरुङ र जीवन गुरुङले गोल गरे। दीपेशले खेलको दोस्रो मिनेटमा र जीवनले ५२ औं मिनेटमा गोल गरे । कालिका माध्यमिक विद्यालयले प्रतिभा माध्यमिक विद्यालयलाई २-० ले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो। कालिकाका समुन्द्र सुवेदी ५औं मिनेट समुन्द्र सुवेदीले गोल गर्दा कुशन राई १७औं मिनेटमा थप एक गोल गर्दै अग्रता दोब्बर बनाए। त्यसपछि भने दुवै टिमबाट गोल हुन सकेन र कालिका क्वाटरफाइनलमा प्रवेश गरेको हो। सो प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गर्नेछ। प्लेयर अफ द टुर्नामिन्टलाई ट्रफिसहित १० हजारको व्यवस्था गरिएको छ।

यो विश्वविद्यालय नेपालमै पहिलो पटक प्रदेश सरकारद्वारा स्थापना गरेको विश्वविद्यालय हो। विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुका साथसाथै विश्वविद्यालयले अन्वेषण र अनुसन्धानलाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ । यो विश्वविद्यालय स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठनपाठन सुरु गरेको नेपालकै पहिलो र एकमात्र विश्वविद्यालय हो।

# कृषकलाई अनुदान उपलब्ध गराउँदै म्याग्दे

पोखरापत्र संवाददाता
दमौली, १० माघ

व्यावसायिकरूपमा पशुपालन गर्दै आएका कृषकलाई प्रोत्साहन गर्नका लागि तनहुँको म्याग्दे गाउँपालिकाले अनुदान उपलब्ध गराउने भएको छ।

यसका लागि गाउँपालिकाले व्यावसायिक कृषकका लागि चालु आर्थिक वर्षमा बोका वितरणका लागि रु तीन लाख ५० हजार, च्यापकटर वितरणका लागि रु एक लाख, गोठ खोर निर्माणका लागि रु चार लाख, लोकल कुखुरा वितरणका लागि रु एक लाख बजेट विनियोजन गरेको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिनुभयो । "व्यावसायिकरूपमा पशुपालन गरिरहेका कृषकलाई पशुपालनमै टिकाइराख्न अनुदान नीति गाउँसभाबाट पारित भएर बजेट विनियोजन भइसकेको छ", उहाँले भन्नुभयो, "अनुदान लिन चाहने कृषकसँग निवेदन माग गरेका छौं।" उहाँका अनुसार कृषकले गाउँपालिकामा निवेदन दिएकामा निवेदन दिएका कृषकहरूको फार्म अनुगमन गरिएको छ।

गाउँपालिकाले कृषकलाई अनुदान दिनका लागि एक सय २२ व्यावसायिक फार्मको अनुगमन सम्पन्न गरेको छ । अनुदान वितरणका लागि पालिकाले व्यावसायिक कृषकसँग निवेदन माग गरेको थियो । तीमध्ये एक सय २२ कृषकले अनुदान प्राप्तिका लागि निवेदन दिएकामा गाउँपालिकाले सबै फार्मको अनुगमन गरेको हो।

नवदुर्गा कृषि फार्मका सञ्चालक युवराज शाहीले बैंकबाट ऋण लिएर लगानी गरे पनि उत्पादनले बजार नपाउँदा समस्या हुने गरेको गुनासो गर्नुभयो । "गाउँपालिकाको सातवटै वडामा पुगेर व्यावसायिक फार्म अनुगमन गरेका छौं, अब कृषकको वर्गीकरण र आवश्यकता हेरेर अनुदान रकम उपलब्ध गराउँछौं",उपाध्यक्ष घिमिरेले भन्नुभयो। गाउँपालिकाले कुखुरा तथा पशुपक्षीपालन, माछापालन, बङ्गुरपालन, भैंसीपालन, मौरीपालनलगायतको निरीक्षण गरेको थियो। वास्तविक कृषक पहिचानका लागि अनुगमन गरिएको जनाउँदै गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले भन्नुभयो, "अनुदानका लागि निवेदन परे पनि वास्तविक कृषक हो कि होइन भनेर अनुगमन गरेका हौं । अनुदानको प्रक्रिया अगाडि बढाउँछौं।"

# दुर्घटना जाँच आयोगद्वारा जहाजको उपकरण र कागजात सङ्कलन

रासस
काठमाडौं, १० माघ

यही माघ १ गते कास्कीको पोखरामा दुर्घटना भएको यती एयरलाइन्सको नाइन एन-एएनसी एटीआर-७२-५०० जहाजबारे जाँचबुझ गर्न गठित दुर्घटना जाँच आयोगले दुर्घटनस्थलबाट आवश्यक पार्टपूर्जा र वायुयानका रेकर्डसहित कागजात सङ्कलन गरेको छ।

आयोगले विज्ञप्ति जारी गर्दै दुर्घटनास्थलको पुनःविस्तृत निरीक्षण गरी आवश्यक पार्टपूर्जा, वायुयानका रेकर्ड, केही प्रत्यक्षदर्शीसँगको कुराकानी र वायुसेवा सञ्चालकबाट आवश्यक कागजात सङ्कलनको गरिसकेको जनाएको छ। "नियामक निकायलगायतबाट थप कागजात सङ्कलनको काम भइरहेको छ", विज्ञप्तिमा उल्लेख छ। आयोगका अनुसार दुर्घटना जाँचको सन्दर्भमा महत्वपूर्ण सूचना प्राप्त हुने रेकर्डर नेपालमा परीक्षण गर्न नसकिने भएकाले उच्च गुणस्तरको दक्षजनशक्तिसहितको अन्तर्राष्ट्रिय ल्याबमा परीक्षण एवं विश्लेषण गर्न लैजाने तयारी भइरहेको छ ।"अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम आयोगद्वारा अनुसन्धान जारी रहेको र सबै प्रक्रिया पूरा गरी उडान सुरक्षामा थप सहयोग पुग्ने सुझावसहितको प्रतिवेदन सरकारलाई पेस गरिने छ", विज्ञप्तिमा भनिएको छ । उक्त जहाज दुर्घटनामा चालक दलका सदस्यसहित ७१ जनाको निधन भएको थियो भने एक जनाको अवस्था अझै अज्ञात छ। दुर्घटनालगत्तै सरकारले पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा दुर्घटना जाँच आयोग गठन गरेको थियो।

# एमालेका सबै जनसङ्गठनको सम्मेलन मिति घोषणा

पोखरापत्र संवाददाता
दमौली, १० माघ

नेकपा (एमाले)को सबै जनवर्गीय सङ्गठनका राष्ट्रिय अविधेशन/सम्मेलन मिति तय गरिएको छ।

नौवटा जनवर्गीय सङ्गठनको महाविधेशन/सम्मेलन मिति घोषणा गरिएको एमाले जनसङ्गठन समन्वय संयन्त्रका सहसंयोजक तथा केन्द्रीय सदस्य रचना खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार सबै जनसङ्गठनले चैत मसान्तभित्र अधिवेशन/सम्मेलनका लागि मिति घोषणा गरेका हुन्।

गत पुस २४ र २५ गते काभ्रेको धुलिखेलमा सम्पन्न जनसङ्गठनको भेलाले आगामी चैत मसान्तभित्र राष्ट्रिय अधिवेशन/ सम्मेलन गर्ने निर्णय गरेका थिए । सदस्य खड्काले सबै जनसङ्गठनका पदाधिकारी र सचिवालय बैठकले अधिवेशन/सम्मेलनको मिति तोकेको जानकारी दिनुभयो । उहाँका अनुसार अनेरास्ववियुको आगामी फागुन २ देखि ४ गतेसम्म काठमाडौंमा, नेपाल खेलकुद महासङ्घको फागुन ७ देखि ९ गतेसम्म विराटनगरमा, रिटर्नी फेडरेसन नेपालको चैत ११ र १२ गते काठमाडौंमा सम्मेलन हुने भएको छ। यस्तै लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ नेपालको चैत १८ र १९ गते काठमाडौँ, नेपाल पिछडा वर्ग महासङ्घको चैत २२ र २३ गते वीरगञ्जमा, पेसागत महासङ्घ नेपालको चैत २४ र २५ गते काठमाडौंमा, अखिल नेपाल महिला सङ्घको चैत २५ देखि २६ गते काठमाडौंमा, अखिल नेपाल किसान महासङ्घको चैत २६ देखि २८ गते नवलपुरमा र राष्ट्रिय युवा सङ्घको चैत २७ देखि २ ९ गतेसम्म बाँकेमा सम्मेलन हुने जनाइएको छ।

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. २०२१/०५/१८ गते**

**स्वर्गारोहणः**
**वि. सं. २०७७/०७/०५ गते**

**स्वः कमल गुरुङ**

कास्की जिल्ला मादी गाउँपालिका वाड नं.११ भगवती बराल डाँडा साविक घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ भद्रकाली 'ख' टोल निवासी बराल डाँडा तमु समाज सेवा समिति पोखराका सदस्य **कमल गुरुङ** को ५६ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको पितृ कार्य अर्घौंको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं ।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बराल डाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार**
**पोखरा**